बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)
नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

# संविधान दिवस, २०८० को शुभकामना

नेपाली जनताको दशकौं लामो सङ्घर्ष र बलिदानको फलस्वरूप २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान गर्दै आज देशभर विविध कार्यक्रम गरी मनाउन लागिएको संविधान दिवस, २०८० को पावन अवसरमा यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) देश तथा विदेशमा रहनु भएका समस्त नेपालीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ। यस दिवसले बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा सम्बर्धनका लागि जिम्मेवार तथा सरोकारावाला निकायमा क्रियाशीलतासहितको प्रतिवद्वता, बाल अधिकारसँग सम्बन्धित सवालमा ऐक्यवद्वता र संवेदनशीलताका लागि थप उर्जा र प्रेरणा मिलोस् भन्ने शुभेच्छा समेत प्रकट गर्दछौं।

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९८९ लाई नेपालले १९९० सेप्टेम्बर १४ का दिन अनुमोदन गरेपश्चात महासन्धिका बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता तथा बाल अनुकूल न्याय सम्बन्धी प्रावधानहरु संविधानमा मौलिक हकको रुपमा समावेश गरी नेपाल बाल अधिकारको संरक्षण तथा सम्बर्धनका लागि संवैधानिक रुपमा प्रतिबद्द छ भन्ने सन्देश विश्व समुदायमा दिनु हामी सबैको लागि गर्वको विषय हो। यसैगरी बालबालिकाको सर्वोत्तम हित, बालश्रम अन्त्यलाई संविधानमा राज्यको नीति अन्तर्गत समावेश गरी नेपालले थप संवेदनशीलता समेत प्रस्तुत गरेको छ । बालबालिकाको मौलिक हक कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७८ कार्यान्वयनमा रहेको छ। बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा सम्बर्धनका लागि नेपालले गरेको संवैधानिक, कानूनी तथा नीतिगत प्रयासको यस अभियान उच्च प्रशंसा गर्दछ। यद्यपि, आज संविधान दिवसको अवसरमा नेपालमा संविधानको धारा ३९ मा समावेश भएका प्रावधानहरुको व्यवहारिक कार्यान्वयनको अवस्थाको लेखाजोखा गरी राज्यबाट प्राप्त हुने सेवा र सुविधामा सबै बालबालिकाको समान पहुँच स्थापित गर्न यस अभियान सम्बद्द सबैमा हार्दिक अनुरोध गर्दछ। यसैगरी संविधानमा समेत सुनिश्चित गरिएको विद्यालय तथा बालबालिका शान्तिक्षेत्र भन्ने मान्यताको प्रभावकारी कार्यान्वयनका लागि समेत यस दिवसले हामी सबैलाई थप हौसला प्रदान गरोस् भन्ने शुभेच्छा प्रकट गर्दछौं। यसका साथै संविधानमा रहेका केही विभेद, असहमतिहरुलाई समेत संसोधन गरी सबै नेपाली नागरिकहरुलाई गर्व गर्ने वातावरण बनाउन समेत हामी जोडदार माग गर्दछौं ।

| | |
|---|---|
| मीना शर्मा | तिलोत्तम पौडेल |
| अध्यक्ष | महासचिव |

मिति: २०८० आश्विन ३ गते